# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ६ संख्या – १ मितिः २०७९ वैशाख १०


## भाग - १

## बेनीघाट रोराङ गाउँपालिका बाल संरक्षण कोष ( स्थापना र सञ्चालन) कार्यविधी, २०७९


बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश

**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ६** **संख्या – १** **मितिः २०७९ वैशाख १०**

## बेनीघाट रोराङ गाउँपालिका बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधी, २०७९

कार्यपालिका बैठक बाट स्वीकृत मिति २०७९/०१/०७

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि बाल संरक्षण कोष स्थापना गर्न आवश्यक भएकाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी बेनीघाटरोराङ गाँउपालिकाले यो कार्यविधि बनाएको छ।

१. **कोषको नाम र प्रारम्भ :**

(क) यस कोषको नाम "बेनीघाटरोराङ गाँउपालिका बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधी, २०७९" रहेको छ।

(ख) यो कार्यविधि बेनीघाटरोराङ गाँउपालिकाको कार्यपालिकाको बैठकबाट पारित भए पश्चात प्रमाणित भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :**

(क) "ऐन" भन्नाले सघीय संसदले बनाएको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्दछ।

(ख) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले "नियम ३ बमोजिमका बालबालिका" सम्झनुपर्दछ।

(ग) "कोष" भन्नाले नियम ४ बमोजिमको "बाल संरक्षण कोष"सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले नियम ७ बमोजिम गठित "बाल संरक्षण कोष सञ्चालक समिति"सम्झनु पर्दछ।

(ङ) "कार्यविधि" भन्नाले बेनीघाटरोराङ गाँउपालिका "बाल संरक्षण कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७८." भन्ने सम्झनु पर्दछ ।

(च)"गाँउपालिका" भन्नाले " बेनीघाटरोराङ गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय" भन्ने सम्झनु पर्दछ ।

३. **विशेष संरक्षणको आवश्यकता भएका बालबालिका** : विशेष संरक्षणको आवश्यकता भएका बालबालिका अर्न्तगत निम्न बालबालिका पर्दछन् ।

१) ऐनको दफा ४८ बमोजिमका बालबालिका अर्न्तगत,

क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,

ख) हराएको वा बेबारिस अवस्थामा फेलामा परेको,

ग) ऋणको कारणले बन्धकमा रहेकोमा जवरजस्ती श्रमवाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यव्यवहार वाट पिडित भएको,

घ) दुर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेका,

ङ) बावु र आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुर सँग सम्बन्धित रहेकोले वेवारिसे भएको,

च) यौन शोषण, यौन दुर्व्यव्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा वाट प्रभावित,

छ) बाबु आमा वा संरक्षकवाट बन्चित भएका,

ज) अपाङ्गता भएका,

झ) कोभिड - १९ का कारण बाबु, आमा दुवै गुमाएका,

ञ) सडक बालबालिका,

ट) जन्मने वित्तिकै आमा बुवावाट तिरस्कृत भै संरक्षण विहिन अवस्थामा फेला परेका ।

२.) बेनीघाटरोराङ गाँउपालिकाले विशेष संरक्षण आवश्यकता भएका बालबालिका भनी तोकिदिएका अन्य बालबालिका सम्झनुपर्नेछ ।

४. **कोषको स्थापना** :

(१) गाँउपालिका क्षेत्रभित्र विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउने काम समेतका लागि एक बाल संरक्षण कोषको स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन् ।

(क) संघीय, प्रदेश तथा स्थानीय सरकार बाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) नियम (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिइनेछ ।

(४) कोषले आफ्ना उद्देश्यसँग मेल खाने संघीय, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने बाल हेल्पलाईन जस्ता कार्यक्रमसँग समन्वय गरी क्रियाकलाप सञ्चालन गर्नेछ ।

५. **कोषको उपयोग :** कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरी पुनर्मिलन तथा पुनर्स्थापना गर्न,

(च) खण्ड (क) देखि (ङ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न ।

६. **कोषको रकम उपयोग गर्न नपाइने :** सञ्चालक समितिको बैठक भत्ता, खाजा, भ्रमण मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

तर नियम ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न यस नियमले बाधा पुऱ्याएको मानिनेछैन ।

**७. समितिको गठन :**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामका लागि एक कोष सञ्चालन समिति रहनेछ

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष | संयोजक |
| (ख) | ग.पा.प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) | गाँउपालिकाले मनोनित गरेको एक महिला सहित दुई जना गाँउसभाका सदस्यहरु | सदस्य |
| (घ) | गाँउपालिकामा काम गर्ने सामाजिक संस्थाहरु मध्येबाट गाँउ कार्यपालिकाले मनोनयन गरेको एक जना महिला सहित दुईजना | सदस्य |
| (ङ) | म बा का शाखा प्रमुख | सदस्य-सचिव |

(३) उपनियम (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ ।

**८. समितिको काम, कर्तव्य, अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने,

(ख) कोषको रकमको संरक्षण गर्ने,

(ग) नियम ४ बमोजिम कोषको रकम उपयोग गर्ने,

(घ) कोषमा रहेको रकम खर्च वा वितरण सम्बन्धी मापदण्ड बनाई लागू गर्ने,

(ङ) तत्काल खर्च नहुने कोषको रकम अक्षय कोषमा राख्ने वा अन्य क्षेत्रमा लगानी गर्ने सम्बन्धी मापदण्ड बनाई लागु गर्ने,

(च) विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाका क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघ, संस्था वा व्यक्तिसँग समन्वय गर्ने,

(छ) कोषको आय व्ययको विवरण, लेखा परीक्षण प्रतिवेदन वार्षिक रुपमा कार्यपालिका बैठकमा पेश गर्ने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति आवश्यक अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

९. **<u>समितिको बैठक र निर्णय</u>** :

(१) कोष व्यवस्थापन तथा सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ,

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बालबालिकाको क्षेत्र हेर्ने गाँउपालिकाको विषयगत समितिका संयोजकले बैठकको अध्यक्षता गर्नेछ,

(६) सञ्चालक समितिले सर्वसम्मत्का आधारमा निर्णय गर्नेछ । सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई समितिको निर्णय मानिनेछ । सदस्यहरुको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ,

(७) समितिले आवश्यकता अनुसार कुनै व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछन् । आमन्त्रित सदस्यदको मताधिकार हुने छैन,

(८) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्नेछ,

(९) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **<u>सहयोग सम्बन्धी मापदण्ड</u>** :

(१) गाँउपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका छ भनी कसैले समिति समक्ष निवेदन दिन वा लिखित वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएपछि सदस्य सचिवले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने छन् ।

(३) उपनियम (२) बमोजिमको प्रक्रिया पछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा निजले समितिको बैठक आव्हान गर्न सक्ने छन् ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको निमित्त समितिले देहाय बमोजिमको आर्थिक सहयोगको निर्णय गर्नेछ :

(क) कोषबाट एक पटकमा बढीमा रु. १०, ०००।- सम्म सहयोग गर्न सकिनेछ ।

(ख) सहयोग गर्नुपर्ने रकम संभव भएसम्म चेकमार्फत रकम भुक्तानी दिनुपर्नेछ ।

(ग) कोषबाट सामान्यतः एक जनालाई एक पटक सहयोग गरिनेछ । तर, विशेष स्थितिमा समितिको निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिने छ ।

(५) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा सदस्य सचिवको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त दश हजार रुपैयाँ उपलब्ध गराउन सक्नेछन् ।

(६) उपनियम (५) बमोजिम बालबालिकालाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनु पर्नेछ ।

(७) समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यक्रमका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।

**११. <u>खाताको सञ्चालन</u> :**

(१) कोषको रकम समितिले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. <u>कोषको लेखा र लेखा परिक्षण</u> :**

(१) कोषको आय व्ययको लेखा गाँउपालिकाले अपनाएको नियम बमोजिम राखिनेछ ।

(२) कोषको आय तथा व्ययको लेखापरीक्षण गाँउपालिकाले बनाएको नियम बमोजिम हुनेछ ।

**१३.** **रकम फ्रिज नहुने :** प्रचलित कानूनमा जेसुकै लेखिएको भएपनि कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभइ बाँकी रहेमा पनि फ्रिज हुनेछैन ।

**१४.** **प्रतिवेदन प्रकाशन गर्नुपर्ने :**

(१) समितिले आफूले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा गाँउकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उप नियम (१) बमोजिमको प्रतिवेदन गाँउकार्यपालिकाले वार्षिक रुपमा प्रकाशन गर्नुपर्नेछ

**१५.** **कोषको सचिवालय :** कोषको सचिवालय गाँउकार्यपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरीक शाखामा रहनेछ ।

**१६.** **अभिलेख राख्ने :** समितिले आफुले गरेको काम कारबाहीहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१७.** **संशोधन, स्वतः निष्कृय तथा खारेजीः**

(१) गाँउपालिकाले आवश्यक ठानेमा कार्यविधि संशोधन गर्न सक्नेछ ।

(२) गाँउपालिकाले उक्त कोषको आवश्यकता नठानेमा कोष खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम कोष खारेज भएमा कोषको रकम गाँउपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

(४) यस कार्यविधीमा लेखिएका प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले**
**लक्ष्मण प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**